# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अतरपुर, सिन्धुपाल्चोक


प. सं. : ०७५/०७६
च. नं. : ११५४

मिति : २०७५/१२/१८

### विषय : प्रेस विज्ञप्ति प्रकाशित गरिएको ।

उपरोक्त सम्बन्धमा लिसंखु पाखर गाउँपालिकाका इन्जिनियर श्री कपिल श्रेष्ठलाई कार्यालयमा कार्यरत रहेको अवस्थामा मिति २०७५ चैत्र १७ गते विवादित योजना संचालनको विषयलाई लिएर झ्याङछ्युप सेन्पा गुम्बा स्तुपा निर्माण उपभोक्ता समितिका अध्यक्ष दावा ग्याम्छो तामाङ र वडा नं १ ठूलो धादिङका वडा सदस्य दावा दोर्जे तामाङले कार्यकक्षबाट बाहिर ल्याई हातपात गालिगलौज गरि अभद्र व्यवहार गरेको विषयमा यस गा.पा. अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको गम्भीर ध्यानाकर्षण भएको छ । कार्यालय समयमा कार्यरत कर्मचारी माथि यस्तो घृणित सार्वजनिक अपराधजन्य कार्य गर्ने जिम्मेवार पदाधिकारी र संलग्न दोषीहरुलाई कडा भन्दा कडा कारवाही गर्न लिसंखु पाखर गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु जोडदार माग गर्दछौं । समयमानै पीडक पक्षलाई कारवाही नभएमा स्थानीय तहको कामकाज ठप्प पार्न समेत यसै विज्ञप्ति मार्फत अपिल गर्दछौं । मिति २०७५ साल चैत्र १८ गतेदेखि लिसंखु पाखर गा.पा. र वडा कार्यालयबाट सम्पादन हुने कामकाज बन्द गरिएको यसै विज्ञप्ति मार्फत सुचित गरिन्छ । अनपेक्षित अपराधिक घटनाले सिर्जित गरेको परिस्थितिका कारण सेवाग्राहीहरुलाई पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं ।

..............................
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१. नेपाल सरकार निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, जिल्ला शाखा, सिन्धुपाल्चोक
२. नेपाल निजामति कर्मचारी संगठन, जिल्ला कार्यसमिति, सिन्धुपाल्चोक
३. स्थानीय तह कर्मचारी संगठन, जिल्ला शाखा, सिन्धुपाल्चोक